# मानझुन्डी सामुदायिक वन उपभोक्ता समुह

वढैयाताल गा.पा. वडा नं.३ भोलागौडी, बर्दिया

## काठ ।दाउरा बोलपत्र द्वारा लिलाम विक्रिको सूचना

प्रथम पटक प्रकाशन मिति :२०८२।०२।१२ गते सोमवार

यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८१/०८२ मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च. नं. ३९३० मिति २०८२।०२।०८ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्दीमा रहेको निम्न परिमाणको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठदाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकारण भई नियमावली २०७९ को नियम १२८ वमोजिम सूचिकृत उद्योगले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलवन्दी बोलबत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आहवान गरिन्छ।

तपसिल

१.वन पैदावको विवरण

लट नं. १ ( पाईल नं. १० देखि १४ सम्म)

| सि. नं. | जात | गोलिया थान | परिमाण घ. फि. | दर | न्यूनतम मूल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दर | जम्मा | |
| १ | कान्जी | १५०७ | २७४१.५७ | १०० | २७४१५७ | १४२ | ३८९३०२.९४ | |

लट नं. २ ( पाईल नं. १५ देखी ३८ सम्म)

| सि. नं. | जात | गोलिया थान | परिमाण घ. फि. | दर | न्यूनतम मूल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दर | जम्मा | |
| १ | सिमल | २४०६ | ७१३६.१४ | १५० | १०७०४२१ | १४२ | १०१३३३१.८८ | |

२.बोलपत्र खरिद, दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समयः २०८२।०३।०१ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः २०८२।०३।०२ गते दिउँसो १२.०० बजे भित्र

३. बोलपत्रसाथ कबोल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणीज्य बैंक लि. गुलरिया शाखामा रहेको खाता नं. ४१४०१००००८५२९००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम प्रति लटको रु. १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ वमोजिम सूचीकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र उद्योग सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०३।०२ गते यस समूहको कार्यालयमा दिउँसो २.०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट खोलिनेछ ।

८. लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्ध कर सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

गोपाल सुनार

अध्यक्ष